उद्योग वाणिज्य संघ-चितवन
नारायणगढ-२०४६

# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं ६, साउन/भाद्र २०७९ July/August 2022

## कैलालीका उद्यमी व्यवसायी चितवनमा



उद्योग वाणिज्य संघ-चितवनले कैलाली उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति २०७९ भाद्र ६ गते संघको बैठक कक्षमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको थियो । कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष श्री पुष्पराज कुंवरको नेतृत्वमा आएको भ्रमण टोलीलाई संघले स्वागत गरेको हो । नेपालको विभिन्न सफल उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन गर्ने सन्दर्भमा उद्योग वाणिज्य संघ-चितवन आएको हो। स्वागत एवम् छलफल कार्यक्रममा उद्योग वाणिज्य

...बाँकी ३ नं. पेजमा

## लेखा सम्बन्धी तालिम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको साभाहलमा मिति २०७९ भाद्र ११ गते एक दिवसीय लेखा सम्बन्धी तालिम सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ-चितवन र चितवन अटोमेकानिक व्यवसायी संघको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । अटोमेकानिकल व्यवसायीहरूलाई लक्षित गरी लेखा तालिमको आयोजना गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले व्यवसायलाई सक्षम व्यवस्थीत ढंगबाट व्यवस्थापन गर्नका लागि लेखा सम्बन्धी

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५० AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक
उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८
URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

## लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

## परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

## गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

## प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी-सदस्य सचिव

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत




जानकारी हुनु आवश्यक रहेको बताउँदै उहाँले मानव शरीरमा रक्तसञ्चारको महत्त्व जती हुन्छ त्यती नै व्यवसायमा लेखाको महत्त्व हुने उदारण दिँदै व्यवसायको नाफा नोक्सान, व्यवसाय विस्तार एवं अर्थिक विश्लेषण गर्नका लागि लेखा सम्बन्धी ज्ञान हुनु आवश्यक रहेको बताउनुभयो । उहाँले सरकारले लिएका लेखा तथा राजश्व सम्बन्धी नयाँ नीति, नियम लगायतका विषयमा व्यवसायीलाई जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा चितवन अटो मेकानिकल व्यवसायी संघका अध्यक्ष प्रेमप्रसाद पाण्डेले उद्योग वाणिज्य संघ-चितवनसँग सहकार्य गरेर कार्यक्रम गर्न पाइएकोमा संघलाई धन्यवाद दिनुहुँदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्नुभएको थियो । कार्यक्रममा लेखा सम्बन्धी तालिमका प्रमुख प्रशिक्षक रामजीप्रसाद अधिकारीले व्यवसायीहरूलाई मुल्य अभिवृद्धि करका बारेमा, लेखा सम्बन्धी नीति, खरिद बिक्री खाता राख्ने तरिका लगाएत आन्तरिक राजश्वबाट जारी गरेको नीति नियमहरूको बारेका जानकारी दिनुभएको थियो । उहाँलाई नवराज पोखरेलले प्रशिक्षणमा सहयोगीको भूमिका निर्वाह गर्नुभएको थियो । कार्यक्रम CTEVT नारायणी बहुप्राविधिक शिक्षालयका अटोमोबाइल कोडिनेटर आदित्य शर्मा तिम्सेनाले अटोमोवाईल सम्बन्धी व्यवसायीहरूलाई ज्ञान दिनुभएको थियो। संघका सदस्य, एवं अटोमेकानिकल व्यवसायी संघका सदस्य लगायत उद्यमी व्यवसायीलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रममा ६० जना व्यवसायीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्षद्वय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, कार्यकारी निर्देशक निलबहादुर के.सी. लगाएत उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरू, व्यवसायीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित सहभागीलाई धन्यवाद ज्ञापन

गर्दै उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले संघले समय समयमा सदस्य व्यवसायीलाई आवश्यक पर्ने तालिम, सेमिनार तथा गोष्ठीको आयोजना गर्दै आइरहेको बताउँदै आजको कार्यक्रमले सहभागिमा उर्जा थपेको बताउनुभयो । चितवन अटोमेकानिकल व्यवसायी संघका अध्यक्ष प्रेमप्रसाद पाण्डेको अध्यक्षतामा सम्मन्न उक्त कार्यक्रम उवासंघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

...बाँकी

संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले यस किसिमको कार्यक्रमले व्यावसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नमा समेत सहयोग पुऱ्याउने बताउनुभयो । उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिँदै अध्यक्ष श्रेष्ठले निजी क्षेत्रका संलग्नताविना आर्थिक समृद्धिको कल्पना गर्न नसकिने हुनाले सरकारले निजी क्षेत्रलाई हातेमालो गर्दै जानुपर्ने बताउनुभयो । सोही कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष राजन गौतमले उहाँहरूलाई स्वागत गर्दै यस्ता किसिमका भेटघाटले दुई उद्योग वाणिज्य संघको मित्रता बढ्नुकासाथै दुवै संघका समस्याहरूको पनि पहिचान हुने बताउनुभयो । उहाँले उद्योग वाणिज्य संघहरूले व्यावसायिक हितका लागि मात्र नभई राष्ट्रिय हितका विषयमा पनि कुरा उठाउन पर्ने बताउनुभयो। देशमा बढ्दो खाद्यान्न आयातलाई रोक्न खाद्यान्न उत्पादनमा सरकारको ध्यान जान जरुरी रहेको बताउनुभयो। कार्यक्रममा बोल्दै कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुंवरले उद्योग वाणिज्य संघ-चितवनले गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यबद्धताका लागि उद्योग वाणिज्य संघ-चितवनसँग सँगसँगै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले उवासंघ चितवनबाट सिकेका कुरालाई आफ्नो संघमा पनि लागु गर्ने बताउनुभयो । सोही अवसरमा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले संघका विगतदेखि वर्तमानसम्मका गतिविधि लगाएत आगामी कार्यक्रमहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो। कार्यक्रममा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुंवरको नेतृत्वमा कार्यसमिति सदस्य, महिला उद्यमी लगायत १४ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका कार्यसमितिका सदस्यहरूको उपस्थिति रहेको थियो । यसै गरी कैलाली उद्योग वाणिज्य संघका पूर्वमहासचिव रुपेश स्वांर, सचिव सुरेश पाण्डे, लगायत पदाधिकारी कार्यसमितिको उपस्थिति रहेको थियो । टोलीले संघको सचिवालय र नारायणी नदी किनारको अवलोकन समेत गरेको थियो। कार्यक्रम उवासंघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा उद्योग वाणिज्य संघ चितवका द्वितीय उपाध्यक्ष राजेन्द्र ओलीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो।

## बैंक तथा वित्तीय संस्थाहरूको सुरक्षा प्रवन्ध सम्बन्धी छलफल कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा मिति २०७९ भाद्र १६ गते बैंक तथा वित्तीय संस्थाहरूको सुरक्षा प्रवन्ध सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको थियो। आउँदै गरेको चाडपर्वलाई मध्यनजर गरी हुनसक्ने चोरी डकैतीको घटनालाई न्यूनिकरण गर्नका लागि यस कार्यक्रमको आयोजना गरिएको थियो। छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले बैंक तथा वित्तीय संस्थाहरूमा सुरक्षा प्रवन्ध कसरी



गर्न सकिन्छ भन्ने राय सुझाव लिनका लागि बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूलाई निमन्त्रणा गरिएको बताउँदै उहाँले बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूलाई प्रश्न गर्दै हामीले के गरियो भने बैंक तथा वित्तीय संस्थाको सुरक्षा प्रवन्ध गर्न सकिन्छ र हामी व्यवसायीले साझा धारणा बनाएर सुरक्षा निकायहरूसँग सुरक्षा माग गर्न जाने, बताउनु भयो । छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले सुरक्षा निकायहरू संगको बैठकमा भएका कुराहरू जानकारी गराउँदै हामी अवका बैठकमा कसरी प्रस्तुत



हुने भन्ने विषयको जानकारी लिनको लागि यो छलफल कार्यक्रम राखिएको समेत बताउनुभयो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका तृतीय उपाध्यक्ष सिरिष पन्तले सबै बैंक तथा वित्तीय संस्थाहरू एवं औद्योगीक व्यापारिक प्रतिष्ठानहरूलाई हाईवेतिर फर्काएर सिसि क्यामारा राख्न अनुरोध गर्दै उहाँले हामीले सुरक्षा माग गरिरहँदा सुरक्षा निकायलाई के कुरामा योगदान गर्न सकिन्छ भन्ने कुराको यकिन गर्न सकियो भने सुरक्षा माग गर्न सहज हुने बताउनुभयो । कार्यक्रममा बैंकका प्रतिनिधिहरूले सुरक्षाकर्मी कमसेकम दिनमा २/३ पटक फरक फरक समयमा कार्यालयमा भम्रण गरिदिएमा चोरी हुने समस्या कम हुने बताउनुभयो। छलफल कार्यक्रम संघको सचिवालयमा सम्पन्न भएको थियो । छलफलमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठ, उपाध्यक्षद्वय चिरञ्जीवी सुवेदी र सिरिष पन्त, वस्तुगत संघका अध्यक्षहरू, विभिन्न बैंक, वित्तीय संस्था, सहकारीका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

## बिमा सचेतना एवं अभिमुखीकरण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको सभाहलमा मिति २०७९ भाद्र १७ गते एक दिवसीय बिमा सचेतना एवं अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ-चितवनको आयोजना तथा सिद्धार्थ इन्स्युरेन्स लिमिटेडको सहयोगमा सम्पन्न भएको हो । संघमा आवद्ध व्यवसायिहरूलाई निर्जीवन बिमा एवं व्यवसायीक बिमासम्बन्धी जानकारी दिने उद्देश्यले अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले व्यवसायीहरूलाई




बिमा सम्बन्धी जानकारी हुनु आवश्यक रहेको बताउँदै उहाँले व्यवसाय गर्दा आर्थिक जोखिम मोलीरहेका हुन्छौ। यस्ता जोखिमहरूलाई न्यूनिकरण गर्न बिमाले महत्त्वपुर्ण भूमिका खेल्ने बताउनुभयो । अध्यक्ष श्रेष्ठले भविष्यमा पर्न सक्ने भवितव्यका बारेमा कसैलाई जानकारी नहुने हुँदा व्यवसायिहरूले भविष्यको अनिश्चितता न्यूनिकरणका लागि व्यवसायीक सम्पत्तिको सुरक्षावरण गर्न बिमा गर्नुपर्ने बताउनुभयो । बिमा सचेतना कार्यक्रमका प्रमुख प्रशिक्ष सिद्धार्थ इन्स्युरेन्स लिमिटेडका सहायक महाप्रवन्धक नवराज पराजुलीले बिमाको परिचय, बिमा गर्दा आवश्यक पर्ने कागजात, बिमाका प्रकार, बिमाले रक्षावरण गर्ने क्षेत्रहरू साथै बिमा सम्बन्धी विस्तृत जानकारी दिनुभएको थियो । कार्यक्रममा सिद्धार्थ इन्स्युरेन्स लिमिटेडका बागमती, गण्डकी प्रदेश प्रमुख माधव रेग्मीले बिमा सम्बन्धी सचेतना एवं अभिमुखीकरण कार्यक्रममा सहयोगीको रूपमा सिद्धार्थ इन्स्युरेन्स लिमिटेडलाई अवसर दिनुभएकोमा उद्योग वाणिज्य संघ-चितवनप्रति आभार ब्यक्त गर्नुभयो । उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य एवं बैंक वित्तीय संस्था, बिमा तथा सहकारी समन्वय समितिका संयोजक डा. जीवनकुमार श्रेष्ठले कार्यक्रम संयोजन गर्नुभएको थियो। कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका सदस्य एवम् उद्यमी व्यवसायीहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रममा ७५ जना व्यवसायीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, सिरिष पन्त, संघका कार्यकारी निर्देशक निलबहादुर के.सी. लगाएत उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरू, विभिन्न कार्यगत समितिका सदस्य एवं व्यवसायीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित सहभागिलाई धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले संघले समय समयमा सदस्य व्यवसायीहरूलाई आवश्यक पर्ने तालिम, सेमिनार तथा गोष्ठीको आयोजना गर्दै आइरहेको बताउँदै उहाँले व्यवसायीहरूले आर्थिक जोखिमलाई न्यूनिकरण गर्न बिमा गर्नुपर्ने बताउनुभयो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्मन्न उक्त कार्यक्रम उवासंघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

# भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृतलाई संघमा स्वागत




उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ भाद्र २१ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृतलाई सयुक्त रूपमा स्वागत गरेको थियो । भरतपुर महानगरपालिका र आन्तरिक राजश्व कार्यालयमा नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद सापकोटा र प्रमुख कर अधिकृत निरन भट्टराईलाई संघमा स्वागत गरेको हो । स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले विगत लामो समयदेखि उद्योग वाणिज्य संघ-चितवनको सम्बन्ध भरतपुर महानगरपालिका र आन्तरिक राजश्व कार्यालय दुबै कार्यालय सँग सुमधुर रहँदै आएको बताउँदै आगामी दिनहरूमा पनि सम्बन्ध अझ बढी प्रगाढ रहने अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको आर्थिक समाजिक एवं समग्र विकासका लागि दुवै निकायहरूसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले संघले विकासको सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम स्थानिय प्रशासन, आन्तरिक राजश्व कार्यालय, स्थानीय निकायसँग सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले नारायणी नदी किनार विकासको प्रारुप संघले शुरुवात गरेको बताउँदै उहाँले नदि किनार विकास गर्न अर्थ संकलनका लागि महायज्ञ समेत सञ्चालन गरेको बताउँदै उहाँले आगामी दिनमा पनि नारायणी नदी किनारको विकास एवं व्यवस्थापनको जिम्मा उद्योग वाणिज्य संघ-चितवनलाई दिनुपर्ने माग समेत राख्नुभयो। कार्यक्रममा बोल्दै भरतपुर महानगरका प्रमुख प्रसासकीय अधिकृत नारायणप्रसाद सापकोटाले भेटघाटले सहकार्यलाई मजबुत बनाउने भन्दै भष्टाचारबाट हुने कर चुहावटलाई पूर्णरूपमा रोकावट गने बताउँदै उहाँले सार्वजनिक क्षेत्र र निजी क्षेत्रको सहकार्य अनिवार्य भएकोले संघसँग हातेमालो गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । सोही कार्यक्रममा आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृत नविन भट्टराईले उद्योग वाणिज्य संघ-चितवनले राजश्व संकलन तथा आर्थिक चलायमान बनाउन गरेको योगदानको प्रशंसा गर्दै उहाँले अबका दिनमा व्यवसायीहरूलाई प्रोजेक्टर

मा देखाएर तालिम दिने भन्दा पनि परेको समस्यालाई अनलाइनमै डाटा भर्न सिकाउने बताउँदै उहाँले उद्योग वाणिज्य संघ-चितवनसँगको सहकार्यलाई भोलिका दिनमा अझ मजबुत बनाउने बताउनुभयो । कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य, पूर्व अध्यक्ष, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत ५५ जनाको उपस्थिति रहेको कार्यक्रम संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त स्वागत कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

# चाडपर्व लक्षित नागरिक सुनुवाई तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




जिल्ला प्रहरी कार्यालय चितवनको अयोजना तथा उद्योग वाणिज्य संघ-चितवनको सहकार्यमा मिति २०७९ भाद्र ३० गते संघको सभाहलमा आउँदै गरेको चाडपर्वलाई लक्षित गरी नागरिक सुनुवाई तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो। उद्योगी, व्यवसायी एवं आमसर्वसाधारण नागरिकहरूको सुरक्षा सम्बन्धी जिज्ञासा एवं सुझावहरूका बारेमा जानकारी लिने उद्देश्यले नागरिक सुनुवाई तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। अन्तरक्रिया कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले शान्ति सुरक्षा प्रत्याभुतीको लागि सार्वजनिक र निजी क्षेत्र मिलेर अगाडि बढ्नु पर्नेमा जोड दिँदै व्यवसायीहरू पनि आफ्नो सुरक्षाको विषयमा आफूपनि चनाखो हुनुपर्ने बताउनुभयो । अध्यक्ष श्रेष्ठले सर्वसाधारणको पहुँचमा प्रहरी रहनको लागि प्रहरी एपको विकास गरी गुनासो गर्ने व्यवस्थाको लागि सुझाव दिनुभयो । कार्यक्रममा प्रहरी प्रमुख नवराज अधिकारीले कार्यक्रममा उपस्थित उद्योगी व्यवसायी एवं सर्वसाधारण नागरिकहरूका गुनासाहरूको सम्बोधन गर्दै, उहाँले प्रहरी शान्ती सुरक्षा अमनचयन र अपराध नियन्त्रणमा कटिबद्ध भएको बताउदै समुदाय-प्रहरी साझेदारी अवधारण बमोजिम सर्वसाधरणको सहयोग, सद्भाव र सहकार्यमा अगाडी बढ्ने बताउनुभयो । कार्यक्रममा भरतपुर महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष केशव महर्जन, भरतपुर महानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष विकास थापा, चितवन उद्योग संघका वरिष्ठ उपाध्यक्ष सूर्यप्रसाद न्यौपानेले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा संघका पदाधिकारी, संघका कार्यसमिति सदस्य, संघका कार्यकारी निर्देशक, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी उद्योगी, व्यवसायी, बैंक, सहकारी

संस्थाका प्रतिनिधि, आम सर्वसाधरण नागरिक लगायत १०० जनाको उपस्थिति रहेको कार्यक्रम जिल्ला प्रहरी कार्यलयका प्रहरी उपरीक्षक नवराज अधिकारीको अध्यक्षता सम्पन्न कार्यक्रम जिल्ला प्रहरी कार्यलयका प्रहरी निरिक्षक देवराज शर्माले सञ्चालन गर्नुभएको थियो ।


उद्योग वाणिज्य संघ-चितवन नारायणगढ-२०१६

# उद्योग वाणिज्य संघ-चितवनको
## सदस्यता नविकरण गर्ने सम्बन्धी सूचना ।

उद्योग वाणिज्य संघ-चितवनको विधान (परिच्छेद ४ धारा ११) बमोजिम आ.व. २०७९/२०८० को **सदस्यता नविकरण** प्रत्येक वर्षाको असोज मसान्त भित्रमा गर्नु पर्ने व्यवस्था भए बमोजिम हालसम्म पनि आफ्नो सदस्यता नविकरण नगर्नु भएका सदस्यहरूले यही असोज मसान्त भित्रमा नविकरण गर्नुहुन सूचित गरिन्छ । साथै आ.व. २०७८/२०७९ को सदस्यता नविकरण नगर्नुभएका सदस्यले समेत नियमानुसारको शुल्क बुझाएर नविकरण गर्न सकिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

» Online Renewal Portal : www.office.ccichitwan.org.np/esewa

**विस्तृत जानकारीको लागि:**

संघको सचिवालय
भमनपा १, नारायणी मार्ग
फोन ०५६ ५९६१०८,५९६२०८, ५९६३०८
*Email: ccicchitwan@gmail.com*

# उद्योग वाणिज्य संघ-चितवन
# २०७९ साउन महिनाको विभिन्न कार्यक्रमा संघको सहभागिता विवरण

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था |
|---|---|---|---|---|
| १ | २०७९ भाद्र १ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)<br>श्री निलबहादुर के.सी (कार्यकारी निर्देशक) | भरतपुर महानगरपालिका चितवन महोत्सव २०७९ को अनुमति र व्यवसायी कर सम्बन्धी पत्र हस्तान्त्रण एवं नगरप्रमुख संघ भेटघाट | उद्योग वाणिज्य संघ-चितवन |
| २ | २०७९ भाद्र १ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)<br>श्री निलबहादुर के.सी. (कार्यकारी निर्देशक) | सहकार्य गर्ने सम्बन्धमा CTEVT संग छलफल | उद्योग वाणिज्य संघ-चितवन |
| ३ | २०७९ भाद्र ४ गते | श्री सिरिष पन्त ( तृतीय उपाध्यक्ष) | कवाडी कर सम्बन्धमा छलकल | भरतपुर महानगरपालिका |
| ४ | २०७९ भाद्र ५ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | तिजको शुभकामना आदान प्रदान | व्यूटिपार्लर यूनिटी |
| ५ | २०७९ भाद्र ६ गते | श्री रजनी मास्के (कार्यसमिति सदस्य) | तिजको शुभकामना आदान प्रदान | फेन्सी व्यवसायी संघ चितवन |
| ६ | २०७९ भाद्र ८ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | कार्ययोजना तर्जुमा | सहमती |
| ७ | २०७९ भाद्र ९ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | दिक्षान्त समारोह | नेपाल प्रहरी शिक्षालय |
| ८ | २०७९ भाद्र ९ गते | श्री सिरिष पन्त ( तृतीय उपाध्यक्ष) | मुचुल्का ( अवैध सामान सहितको ) | जिल्ला प्रहरी कार्यालय चितवन |
| ९ | २०७९ भाद्र ९ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री निलबहादुर के.सी. (कार्यकारी निर्देशक) | उद्घाटन | भेरोना टायल |
| १० | २०७९ भाद्र ९ गते | श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष)<br>श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)<br>श्री सिरिष पन्त ( तृतीय उपाध्यक्ष) | सुरक्षा व्यवस्थापन सम्बन्धी बैंठक | जिल्ला प्रहरी कार्यालय चितवन |
| ११ | २०७९ भाद्र १० गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | खानेपानी व्यवस्थापन बोर्ड बैठक | खानेपानी व्यवस्थापन बोर्ड भरतपुर |
| १२ | २०७९ भाद्र १० गते | श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष) | बैंठक | भरतपुर महानगरपालिका वडा नं १ |
| १३ | २०७९ भाद्र १६ गते | श्री दिपा शाही (कार्यसमिति सदस्य) | तिज कार्यक्रम | युगिन खवर पत्रिका |
| १४ | २०७९ भाद्र १८ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | साधारण सभा | चितवन नवल राईस मिल |

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था |
|---|---|---|---|---|
| १५ | २०७९ भाद्र १९ गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)**<br>**श्री सुमनकुमार श्रेष्ठ (बरिष्ठ उपाध्यक्ष)**<br>**श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष)**<br>**श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)**<br>**श्री सन्तोषजनक भुषाल (कार्यसमिति सदस्य)**<br>**श्री रुद्र सुवेदी (कार्यसमिति सदस्य)**<br>**श्री राजन पिया (कार्यसमिति सदस्य)**<br>**श्री विज्ञानलाल श्रेष्ठ (कार्यसमिति सदस्य)**<br>**श्री निलबहादुर के.सी (कार्यकारी निर्देशक)** | दाहसंस्कारमा सहभागी | उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य गुणराज पौडेलको बुबाको |
| १६ | २०७९ भाद्र २० गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)** | साधारण सभा | रत्ननगर उद्योग वाणिज्य संघ |
| १७ | २०७९ भाद्र २० गते | **श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)** | साधारण सभा | साकोस अटोमोवाईल डिलर एशोसियसन |
| १८ | २०७९ भाद्र २० गते | **श्री धनप्रसाद पोखरेल (कार्यसमिति सदस्य)**<br>**श्री रबिन्द्रकुमार श्रेष्ठ (कार्यसमिति सदस्य)** | भरतपुर महानगरपालिका बैठक | भरतपुर महानगरपालिका |
| १९ | २०७९ भाद्र २१ गते | **श्री सुमनकुमार श्रेष्ठ (वरिष्ठ उपाध्यक्ष)**<br>**श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)** | राजश्व परामर्श समिति बैंठक (करको विषयमा) | भरतपुर महानगरपालिका |
| २० | २०७९ भाद्र २२ गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)** | रजत जयन्ती | चितवन अटोमेकानिकल व्यवसायी संघ |
| २१ | २०७९ भाद्र २३ गते | **श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)** | साधारण सभा | चितवन अटोमेकानिकल व्यवसायी संघ |
| २२ | २०७९ भाद्र २५ गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)** | उद्घाटन समारोह | Advance Tech Pvt. Ltd. |
| २३ | २०७९ भाद्र २६ गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)** | आर्थिक पुनरुत्थानका लागि चालु पूँजी कर्जा मार्गदर्शन-२०८९ को प्रभाव विषयक अन्तरक्रिया कार्यक्रम | चितवन उद्योग संघ |
| २४ | २०७९ भाद्र २८ गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)**<br>**श्री सिरिष पन्त (तृतीय उपाध्यक्ष)** | समुदाय प्रहरी कार्यक्रम आयोजन सम्बन्धी बैठक | जिल्ला प्रहरी कार्यालय चितवन |
| २५ | २०७९ भाद्र २८ गते | **श्री सिरिष पन्त (तृतीय उपाध्यक्ष)**<br>**श्री रविन्द्रकुमार श्रेष्ठ (कार्यसमिति सदस्य)** | बजार अनुगमन कार्यक्रम | भरतपुर महानगरपालिका |
| २६ | २०७९ भाद्र ३१ गते | **श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)**<br>**श्री निलबहादुर के.सी. (कार्यकारी निर्देशक)** | अन्तरक्रिया कार्यक्रम | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |

# बस्तुगत संघका कार्यक्रमहरु

## विद्युत् व्यवसायी संघ-चितवनद्वारा मानव सेवा आश्रममा खाना खुवाउने कार्यक्रम सम्पन्न



विद्युत व्यवसायी संघ-चितवनले मानव सेवा आश्रम चितवनमा आश्रित लक्ष्मी नारायणहरूलाई २०७९ भाद्र ९ गते खाना खुवाउने कार्यक्रम सम्पन्न गरेको थियो । विद्युत व्यवसायी संघ-चितवनका कार्यसमिति सदस्य रविन्द्रकुमार श्रेष्ठको जन्मदिनको सु-अवसर पारेर उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा नेपाल विद्युत् व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष रेशम देवकोटा, नेपाल विद्युत् व्यवसायी महासंघका पुर्व अध्यक्ष एवं सल्लाहकार महेन्द्रकुमार राठी, बागमती प्रदेश संयोजक लेखनाथ सापकोटा लगाएत विद्युत् व्यवसायी संघ-चितवनका पदाधिकारी कार्यसमिति सदस्यहरूको उपस्थितिमा मानव सेवा आश्रमका आश्रित वृद्ध-वृद्धाहरूलाई खाना खुवाईएको संघका अध्यक्ष डोलराज न्यौपानेले जानकारी दिनुभयो ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७९ असोज ६ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४५०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४१०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | |
| ५. धान मोटो नया | प्रति क्वि | ३५०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ८००० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ५५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५० |
| ९. मकै | प्रति क्वि. | ५००० |
| १०. गहुँ | प्रति क्वि. | ३८०० |
| ११. कोदो | प्रति क्वि. | ४८०० |
| १२. फापर | प्रति क्वि. | ८३०० |
| १३. चना | प्रति के.जी. | १०० |
| १४. केराउ | प्रति के.जी. | १२५ |
| १५. भटमास | प्रति के.जी. | १६० |
| १६. रहर दाल | प्रति के.जी. | १७० |
| १७. मसुरी दाल | प्रति के.जी. | १५० |
| १८. मासको दाल | प्रति के.जी. | १५५ |
| १९. कालो मासको गेडा | प्रति के.जी. | ८० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ९० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ९० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | . |
| घ. क्याटल फिड | प्रति के.जी. | . |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ५० |
| २१. प्याज | प्रति के.जी. | ५० |
| २२. तोरीको तेल | प्रति १० ली. | २६०० |
| २३. भटमासको टेल | प्रति १० ली. | २४०० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २७०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ५०० |
| २७. मरिच | प्रति के.जी. | १३०० |
| २८. धनियाँ | प्रति के.जी. | २७० |
| २९. क. सुन | प्रति तोला | ९७३०० |
| ख. चाँदी | प्रति तोला | १२५० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १७२०० |
| ख. २६ गेज | प्रति वण्डल | १३३०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १३० |
| ख. ८ मि.मि. | प्रति के.जी | ११२।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०९ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०९ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७५० |
| ख. निर्माण सिमेन्ट PPC | प्रति बोरा | ५८० |
| ग. निर्माण सिमेन्ट OPC | प्रति बोरा | ६८० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४०० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २४० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ७५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ४३० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ११० |
| ख. दही | प्रति लि. | ११० |
| ग. पनिर | प्रति के.जी. | ८०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ९५० |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................................................

....................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०